# पकहाँमैनपुर गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड ६ संख्या १ मिति : २०८१।०७।२१

### भाग-२

## पकहाँमैनपुर गाउँपालिका

# स्थानीय सेवाका कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

प्रमाणिकरण मिति: २०८१/०७/२०

# स्थानीय सेवाका कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

**<u>प्रस्तावना</u>**: मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१" मा रहेको तह/स्तर वृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी पकहाँमैनपुर गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

**१.<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यो कार्यविधिको नाम " कर्मचारी तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(२) प्रारम्भ: यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "**ऐन**" भन्नाले मधेश प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्छ।

ख. "**कार्यविधि**" भन्नाले पकहाँमैनपुर गाउँपालिकाको कर्मचारी तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि,२०८१ लाई सम्झनु पर्दछ ।

ग. "**प्रदेश**" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

घ."**कार्यालय/गाउँपालिका**" भन्नाले पकहाँमैनपुर गाउँपलिकालाई सम्झनु पर्दछ ।

ङ "**कार्यपालिका**" भन्नाले पकहाँमैनपुर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

च. "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले पकहाँमैनपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

छ. "**कर्मचारी**" भन्नाले कर्मचारी समायोजन ऐन-२०७५ बमोजिम समायोजन भई आएका, विभिन्न विकास समितिबाट समायोजन भइ आएका तथा कर्मचारी समायोजन ऐन- २०७५

बमोजिम संघीय लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति लिई आएका र साविक स्थानीय निकायमा नियुक्ति पाई कामकाज गरिरहेका कर्मचारीलाई सम्झनुपर्छ ।

ज. "**तह/स्तर वृद्धि**" भन्नाले ऐनको दफा ४, दफा ८ र दफा २९ बमोजिम गरिने तह/स्तर वृद्धिलाई सम्झनु पर्दछ ।

झ. "**सिफारिस समिति**" भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

ञ. "**प्रदेश लोकसेवा आयोग**" भन्नाले मधेश प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

**३. सूचना प्रकाशन गर्ने :**(१) यो कार्यविधि बमोजिम पकहाँमैनपुर गाउँपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह/स्तर वृद्धि को लागि आवेदन पेश गर्न प्रत्येक वर्षको **जेठ महिना र मंसिर महिनामा कम्तीमा तीस दिन**को म्याद दिइ दरखास्त आव्हान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना कार्यालयको सूचना पाटी र वेवसाइटमा प्रकाशन गरिनेछ ।

**४. सिफारिस समिति:**(१) ऐनको दफा २९ बमोजिम गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीको तह/स्तर बृद्धि गर्न ऐनको दफा २९ को उपदफा ५ अनुसार तपसिल बमोजिमको तह/स्तर वृद्धि सिफारिस समिति रहनेछ।

**तपसिल**

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना -सदस्य

ग. कर्मचारी प्रशासन शाखाको प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

(२) समितिको सचिवालयको काम कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) कर्मचारी प्रशासन शाखा प्रमुखको तह/स्तर वृद्धिका लागि प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना अधिकृत स्तरको कर्मचारीले सिफारिस समितिको सदस्य सचिव सरह काम गर्नेछ ।

**५.** **<u>समितिको काम कर्तव्य र अधिकार :</u>** सिफारिस समितको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ।

**क.** तह/स्तर वृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

**ख.** आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने ।

**ग.** पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

**घ.** तह/स्तर वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह/स्तर वृद्धि का लागि कार्यालयलाई सिफारिस गर्ने।

**६.** **<u>आवश्यक न्यूनतम योग्यता र सेवा अवधि:</u>** यस कार्यविधि बमोजिम तह/स्तर वृद्धि हुन दरखास्त दिने कर्मचारीले आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि ऐनको दफा २९ को उपदफा १ र २ बमोजिम पुरा गरेको हुनु पर्नेछ ।

**७.** **<u>सिफारिस:</u>** (१) दरखास्त दिने अन्तिम मितिको पन्ध्र दिन भित्रमा सिफारिस समितिले निवेदन साथ प्राप्त कागजाहरुको जाँच गरी कार्यालयलाई तह/स्तर वृद्धि को लागि सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह/स्तर वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि, कार्य सम्पादन मुल्याङ्कन र शैक्षिक योग्यतालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम तह/स्तर वृद्धि भएका कर्मचारीलाई अनुसूची-२ बमोजिमको ढाँचामा तह/स्तर वृद्धि को पत्र दिइनेछ ।

**८.** **<u>तह/स्तर वृद्धि गर्न नहुने:</u>** यस कार्यविधिमा अन्तत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा दफा ४ को उपदफा (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह/स्तर वृद्धि को लागि सिफारिस गर्ने छैन :-

**क.** निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

**ख.** तह/स्तर वृद्धि वा बढुवा रोक्का भएकोमा तह/स्तर वृद्धि वा बढुवा रोक्का भएको अवधिभर

**ग.** तलब बृद्धि रोक्का भएकोमा तलब बृद्धि रोक्का भएको अवधिभर

**घ.** असाधारण वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर

**ङ.** स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता, निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर

**९. <u>तह/स्तर वृद्धि सम्बन्धि विषेश व्यवस्था:</u>**(१) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्था: मधेश प्रदेश बाहिर कामकाजमा खटिएका तर मधेश प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह/स्तर वृद्धि हुन एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह/स्तर वृद्धि गरिनेछ ।

(२) का.स.मु. सम्बन्धी विशेष व्यवस्था: ऐनको दफा ८ को उपदफा २२ बमोजिम नियुक्ति मिति देखि नै लागु हुने गरी सातौं तहमा तह मिलान भएका/हुने कर्मचारीहरुको नियुक्ति मिति देखि छैठों तह लेखिएको का.स.मु. स्वत नियुक्ति मिति देखि सातौं तहको का.स.मु. मा परिणत हुनेछ ।यसरी सातौं तहको का.स.मु. मानि आठौं तहमा तह/स्तर वृद्धि गरिनेछ ।

(३) स्वास्थ्य सेवातर्फको कर्मचारीहरु चौथो तहमा शुरु नियुक्ती भएपश्चात पाचौँ तहमा स्तरवृद्धि भएको पाचौं तहमा शूरू नियुक्ती भएको वा आन्तरिक प्रतियोगात्मक परिक्षाद्वारा पाचौँ तहमा बढुवा भई छैठौ तहमा स्तरवृद्धि भएको तथा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भएको र समायोजन पश्चात स्तरवृद्धि नभएका स्वास्थ्य सेवाको कर्मचारीको हकमा ऐनको दफा २९ को उपदफा २ बमोजिम तोकिएको सेवा अवधि पुरा गरेको तथा पछिल्लो दुई आ.ब. मा कम्तीमा उत्तम कार्य सम्पादन मुल्याङ्कन प्राप्त गरेको कर्मचारीलाई चौथोबाट पाचौँ, पाचौँबाट छैठौ, छैठौबाट सातौ र सातौबाट आठौ तहमा स्तर/तह वृद्धि गरिनेछ ।

१०. **<u>ज्येष्ठता कायम</u>**: तह/स्तर वृद्धि हुने कर्मचारीको ऐनको दफा २८ र दफा २९ को उपदफा ४ बमोजिम ज्येष्ठता कायम हुनेछ ।

११. **<u>जानकारी दिनु पर्ने</u>**: यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१२. **<u>बाधा अड्काउ फुकाउने अधिकार</u>:-** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ ।

१३. **<u>उजुरी/गुनासो:</u>** तह/स्तर वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१४. **<u>प्रचलित कानून बमोजिम हुने</u>:** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १

(कार्यविधिको दफा ३ को उपदफा २ सँग सम्बन्धित)

**तह/स्तर वृद्धि को लागि पेश गर्ने निवेदनको ढाँचा**

मितिः-

**श्री संयोजकज्यू,**
**तह/स्तर वृद्धि सिफारिस समिति**
**पकहाँमैनपुर गाउँपालिका पर्सा**

**विषयः- तह/स्तर वृद्धि गरि पाउँ ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको तह/स्तर वृद्धि सिफारिस समितिको मिति / / गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह/स्तर वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**<u>तपसिल</u>**

१. स्थायी नियुक्तिको पत्र ।
२. बढुवा/तहबृद्धि भएको पत्र ।
३. समायोजन पत्र ।
४. नेपाली नागरिकताको प्रमाण पत्र ।
५. शैक्षिक योग्यताको प्रमाण पत्र ।
६. पछिल्लो ३ आ.व. को का.स.मु.

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मितिः |
| पदः | हालको पदमा तहवृद्धि/बढुवा मिति/तह मिलान |
| तहः | समायोजन मिति |
| सेवाः | कर्मचारी संकेत नं. |
| समुहः | कार्यरत कार्यालयः |

***<u>तह/स्तर वृद्धि लागि योग्य भए/नभएको अवस्था</u>***

१. विभागीय कारवाही भएको/नभएको ..................
२. असाधारण विदा र अध्ययन विदा बसेको/नबसेको ..........बसेको भए अवधि...
३. निलम्बनमा परे/नपरेको ........
४. नसहित पाएको/नपाएको
५. बढुवा रोक्का भएको/नभएको

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**<u>निवेदक</u>**
नामः
दस्तखतः
क.सं. नम्बरः

**सेवा अवधि र कार्यसम्पादन मुल्याङ्कनको विवरण(कार्यालय प्रयोजनका लागि)**

१. आवेदक कर्मचारीले समायोजन हुनु पुर्व/समायोजन पश्चात/नियुक्ति पछि गरी हालको पदसम्मको सेवा अवधि ...........वर्ष .......महिना........दिन ....।
२. आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मुल्याङ्कन वापत प्राप्ताङ्क र सो कार्यको लागि स्वास्थ्यका आवेदक कर्मचारीको पछिल्लो दुई वर्ष का.स.मु.
   १. आ.व. ....................................को प्राप्ताङ्क.................
   २. आ.व. ....................................को प्राप्ताङ्क.................
   ३. आ.व. ....................................को प्राप्ताङ्क.................

३ मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ तथा तहवृद्धि/स्तरवृद्धि कार्यविधि, २०८१ को दफा ९ बमोजिमको न्युनतम योग्यता र मापदण्ड पुरा गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट सेवा ........................समुह/उप समुहमा एक तहवृद्धि गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| ............... | .................. | ..................... |
| सदस्य | सदस्य | सदस्य |
| नाम/थर | नाम/थर | नाम/थर |
| पद | पद | पद |
| क.सं.न. | क.सं.न | क.सं.नं. |

अनुसूची २

(कार्यविधिको दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

## तह/स्तर वृद्धि पत्रको ढाँचा

प.सं.: मितिः-

च.नं.

**विषय:- तह/स्तर वृद्धि गरिएको सम्बन्धमा ।**

महाशय,

तपाईलाई गाउँ कार्यपालिकाको कार्यालयको मिति / / गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा .......................................अनुसार मिति ...............गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहमा तह/स्तर वृद्धि गरिएको छ ।

तह/स्तर वृद्धि हुनु भएकोमा बधाई तथा सफल कार्यकालको कामना गर्दछु ।

**तपसिल**

| हाल कार्यरत पद | तह/स्तर वृद्धि कायम भएको पद |
|---|---|
| पद: | पद: |
| तह: | तह: |
| सेवा/समुह: | सेवा/समुह: |
| नियुक्ति मिति | ज्येष्ठता कायम मिति |
| कार्यरत कार्यालय: | पदस्थापन गरेको कार्यालय: |

श्री .............................. (क.सं.नं..........)

ठेगाना

.............................................

प्रमुख प्रशासकीय अधिकृत

**<u>बोधार्थ:</u>**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री राष्ट्रिय कितावखाना (निजामती), हरिहरभवन, ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम धनुषा ।

श्री प्रदेश किताबखाना, जनकपुरधाम धनुषा ।

श्री नागरिक लगानीकोष, नयाँ बानेश्वर, काठमाडौं ।

श्री कर्मचारी सञ्यकोष, ठमेल, काठमाडौ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्सा ।

श्री आर्थिक प्रशासन शाखा, पकहाँमैनपुर गा.पा., पर्सा ।